घरायसी अत्यावश्यक आधारभूत सामग्रीहरू

हरेक परिवारसँग व्यक्तिगत अत्यावश्यक सामग्रीहरू हुनुपर्दछ।

ठूलो भूकम्प वा मौसम संकटपछि केही दिनसम्म वा अधिक लामो समयसम्म विद्युत, पानी, यातायात, र अन्य महत्वपूर्ण कुराहरू अवरूद्ध हुन सक्छन्। आकस्मिक प्रतिक्रिया निकायहरू र अस्पतालहरू धरासयी हुन सक्छन् र तपाईंलाई तुरून्तै सहायता गर्न असमर्थ हुन सक्छन्। प्राथमिक उपचार र अत्यावश्यक सामग्रीहरू उपलब्ध भएमा अर्को भुकम्पपछि थुप्रै जीवनहरू बाँच्नेछन्, जीवन थप सहज बन्नेछ र तपाईंलाई त्यसको सामना गर्न मद्दत पुग्नेछ।

अत्यावश्यक सामग्रीहरू सजिलै उपलब्ध भएमा तपाईं र तपाईंको परिवारमा भूकम्प, शीतकालीन आँधी-बेहेरी, वा अन्य संकटबाट पर्ने प्रभाव घटाउन सकिन्छ।

सहज स्थानहरूमा विपदका लागि सामग्रीहरू मिलाएर राख्नुहोस्।

ती सामग्रीहरू तपाईंले अधिकांश समय बिताउने स्थानमा राख्नुहोस्, ताकि तपाईंको भवनमा नराम्रोसँग क्षति पुगेपनि ती सामग्रीहरू सजिलै भेट्न सकियोस्।

सामग्रीहरू विभुन्न किसिमका संकटहरूका लागि उपयोगी हुनुपर्दछ।



तपाईंका अत्यावश्यक सामग्रीहरूमा खाना, पानी, फ्ल्यासलाइटहरू, बोक्न मिल्ने रेडियोहरू, ब्याट्रीहरू, र प्राथमिक उपचारका साधनहरू, नगद, अतिरिक्त औषधिहरू, एउटा सीठी, अग्नि-नियन्त्रक यन्त्र हुनुपर्दछ, तल सूची हेर्नुहोस्।

ठूलो सामग्री आफ्नो घरमा राख्नुहोस्, त्यो भन्दा सानो सामग्री आफ्नो कारमा राख्नुहोस्, साथै यदि तपाईं आफ्नो घर तुरून्तै छाड्नुपर्ने भएमा एउटा झटपट सामग्री पनि बनाउनुहोस्। विपतमा काम लाग्ने झटपटक सामग्रीका लागि पिठ्यूँ झोला वा अन्य साना झोलाहरू उपयुक्त हुन्छन्, ताकि तपाईं उक्त सामग्रीहरू आफूले घर छाड्दा आफूसँगै लैजान सक्नुहुन्छ।




घरायसी अत्यावश्यक सामग्रीहरू

निम्न सामग्रीहरू कम्तिमा पनि 3 दिन र आदर्शतः 2 हप्तासम्म पुग्ने गरी तयार पार्नुहोस्:

•पानी (प्रत्येक व्यक्तिका लागि एक दिनमा न्यूनतम एक ग्यालन)
•डिब्बाका तथा प्याकेज बनाइएका खानाहरू
•खाना पकाउने घरेलु सामानहरू, हाते क्यान ओपनरहरू
•औषधि
•प्रसाधनका साधनहरू (साबुन, दन्त-मञ्जन, सरसफाइका सामानहरू)
•आवश्यक भएमा, डायपरहरू र बच्चाका खानाहरू
•घरपालुवा जनावरको खाना तथा तिनीहरूलाई बाँध्ने वा राख्ने सामग्रीहरू
•अतिरिक्त जोडा मोजाहरू सहित सजिलो हुने, न्यानो लुगाहरू
•ब्ल्याङ्केटहरू वा स्लिपिङ ब्यागहरू, र सकिन्छ भने एउटा टेन्ट अर्थात पाल पनि
•बीमा पोलिसीहरू जस्ता अन्तन्तै महत्वपूर्ण कागजातहरूका प्रतिलिपिहरू
•अतिरिक्त ब्याट्रीहरू सहित बोक्न मिल्ने रेडियो (वा चार्ज गर्नका लागि ह्याण्ड क्र्याङ्क)
•अतिरिक्त फ्ल्यासलाइटहरू वा लाइट स्टिहरू
•ग्याँस तथा पानी आपूर्तिहरू बन्द गर्नका लागि रेन्चहरू
•काम गर्दा लगाउने पञ्जाहरू र सुरक्षात्मक चश्माहरू
•फोहोर हाल्न, र छानाहरू, बर्सातीहरू, तथा अन्य प्रयोगका लागि ठूला प्लास्टिकका झोलाहरू
•बाहिर खाना पकाउने सामग्रीहरू र सलाईहरू
पानी, खाद्यपदार्थ, औषधिहरू र ब्याट्रीहरू जस्ता नाशवान् सामग्रीहरू वार्षिक रूपमा प्रयोग गर्नुहोस् वा परिवर्तन गर्नुहोस्।

This translation paid for by the Anchorage LEPC with a grant from the State of Alaska, DHS&EM. 